## २०७७।९।६ को समीक्षा गोष्ठीको निष्कर्ष

(१) इलाम नगरपालिकाको आ.ब. ०७६।०७७ र ०७७।०७८ को पहिलो चौमासिक प्रगति विवरणमा छलफल तथा समीक्षा हुँदा निम्नानुसार गर्ने निर्णय गरियो ।

<u>निम्न :-</u>

- नक्सापास गर्ने गराउने प्रक्रियालाई सशक्त ढङ्गले लागू गरी मापदण्डको पालना गर्न गराउन वडा कार्यालयको भूमिका अभिबृद्धि गरी भवन निर्माणमा संलग्न मजदूरलाई आधारभूत तालिम प्रदान गर्ने कार्ययोजना बनाउने ।
- आ.ब. २०७७।०७८ को लागि विनियोजित वडा स्तरीय योजनाहरु कार्यान्वयन भइरहे पनि केही वडामा सो कार्य सुस्त देखिएकोले वडा स्तरीय योजनाको कार्यान्वयन पक्षलाई तत्काल अगाडि बढाउने ।
- इलाम नगरपालिकाको वडा नं. ७ ले भूसेवा सूचना केन्द्रको सुविधा प्रवाह गरिरहेको र सो सुविधा अन्य वडाहरु १, ५ र १० ले समेत प्रवाह गर्न सक्ने अवस्था रहेको हुँदा सो सुविधा प्रवाहका लागि आवश्यक प्रक्रिया अगाडि बढाउने ।
- इलाम नगर क्षेत्रको सडक सुशासनलाई अझ सुदृढ र व्यवस्थित बनाई पर्यटकीय नगरको सौन्दर्य अभिबृद्धिका लागि ट्राफिक व्यवस्थापनलाई प्राथमिकतामा राखी निरन्तरता दिनु पर्ने ।
- वडा कार्यालयबाट प्रवाह हुने सेवा सुविधालाई अझ व्यवस्थित, छिटो छरितो गरी सुधार गर्नका लागि वडा कार्यालयमा आवश्यक जनशत्ति,औजार उपकरण र फर्निचरको व्यवस्थापन मिलाउनेतर्फ कार्ययोजना बनाउने तथा बिग्रेका औजार उपकरण मर्मतका लागि प्राविधिक प्रतिवेदन तयार गर्ने साथै वडाका जनशक्तिलाई दक्षता अभिबृद्धिको तालिम दिने ।
- नगरको आय अभिबृद्धिका लागि सा.नि.सा. अवधारणा जस्ता अन्य स्रोतहरू खोजी कार्यमा निरन्तरता दिई बहाल बिटौरी जस्ता नयाँ स्रोतका लागि वडा कार्यालयहरुलाई सक्रिय गराउनु पर्ने ।
- नगरपालिका र उपभोक्ता समिति/विभिन्न संघसंस्था/कार्यालय बीच संझौता भई कार्यान्वयन हुने योजना तथा कार्यक्रमहरुका सन्दर्भमा आम नागरिकलाई सुसूचित गर्नका लागि संझौता पत्रमा राखिएको व्यवस्था अनुरुप संझौताकारी पक्षले आम नागरिकलाई सुसूचित गर्ने गराउने कार्यलाई प्राथमिकता दिने ।
- वडा वडामा रहेका स्वास्थ्य केन्द्रहरुको सेवा प्रवाहमा सुधारका लागि प्रत्येक स्वास्थ्य केन्द्रको वार्षिक कार्ययोजना अनुसार वडाको बजेट उपलब्ध गराउने र वडाको बजेट अपुग भएमा थप स्रोतको व्यवस्थापन गर्न पहल गर्ने ।
- कृषि तथा पशु सेवासँग सम्बन्धित सूचना आदानप्रदानका लागि सहकारी संस्था र सामुदायिक वन उपभोक्ता समूहमार्फत वडा वडामा आयोजना हुने भनिएको कृषि चौतारी कार्यक्रमलाई प्रभावकारी बनाउन सहयोग गर्ने ।
- वडा कार्यालयको राजश्व प्रणालीलाई अनलाइन सफ्टवेयर पद्धतिमा लगी सेवा प्रवाहलाई थप छिटो छरितो बनाउने कार्य आवश्यक प्रक्रिया अगाडि बढाउने ।